नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
**महाराजगञ्ज, काठमाडौं ।**
**मितिः** २०७९/०८/१२ गते ।

## प्रेस विज्ञप्ती- २८

## "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादीहरु पक्राउ"

जाहेरवालाहरूलाई झुक्यानमा पारी रकम भुक्तान गर्नका लागि दिईएको वैंक चेकको रकम खातामा प्रयाप्त रकम नभएका कारण भुक्तान हुन नसकेको भन्ने वैंकिङ् कसूर मुद्दाहरूमा सम्मानित उच्च अदालत पाटनबाट दोषी ठहर भई फरार रहेका तपसिलमा उल्लेखित **दुई जना** प्रतिवादीहरूलाई पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित अदालतमा पेश गरीएको ब्यहोरा सूचित गरिन्छ ।

**पक्राउ प्रतिवादीहरूको विवरण:-**

| | | | |
|---|---|---|---|
| १) | **पक्राउ प्रतिवादी:** | जुम्ला जिल्ला, साविक विराट गा.वि.स वडा नं.९ को परिवर्तित कनकासुन्दरी गा.पा. वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला, टोखा बस्ने बर्ष ५१ का **देवी कृष्ण न्यौपाने ।** |  |
| | **फैसला विवरण:-** | सम्मानित उच्च अदालत पाटनको मिति २०७८/०८/१४ गतेको फैसलाले निज प्रतिवादीलाई रू ९,००,०००/- (नौं लाख जरिवाना) र ५ (पाँच) दिन कैद हुने ठहर भएको । | |
| | **पक्राउ विवरण:-** | मिति २०७९/०८/११ गते बालकुमारी, ललितपुरबाट पक्राउ गरी सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरिएको । | |
| २) | **पक्राउ प्रतिवादी:** | काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गा.पा.वडा नं.१ घर भई हाल भक्तपुर जिल्ला चागुनारायण न.पा. वडा नं.२ दुवाकोट बस्ने बर्ष ४७ को **मुकुन्द प्रसाद पराजुली ।** |  |
| | **फैसला विवरण:-** | सम्मानित उच्च अदालत पाटनको मिति २०७९/०४/१५ गतेको फैसलाले निज प्रतिवादीलाई रू १५,००,०००/- (पन्ध्र लाख जरिवाना) र ५ (पाँच) दिन कैद हुने ठहर भएको । | |
| | **पक्राउ विवरण:-** | मिति २०७९/०८/१२ गते चागुनारायण, भक्तपुरबाट पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरिएको । | |

**प्रवक्ता तथा सूचना अधिकारी**
**(कमल थापा)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२९१३११**